हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ६५ पृष्ठ : ४ २०७७ असोज २ गते शुक्रबार (Friday 18 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

**प्याजमा कालोबजारी गर्ने धमाधम पक्राउ**

## सिरहाका विभिन्न स्थानबाट प्याज सहित कालोबजारी गर्ने तीन पक्राउ

**लहान** । भारतले प्याज निर्यात बन्द गरेपछि सिरहाको लहान लगायत विभिन्न हाट बजारमा व्यापारीले महंगो भाउमा प्याज बिक्री गरे ।

दुई दिन अवधिमा प्रतिकिलो ५० रूपैयाँसम्ममा बिक्री भएको प्याज २४ घण्टा नबित्दै बुधबार १ सय २० रूपैयाँसम्म सिरहाका बजारमा व्यापारीले बिक्री गरेका थिए । उनीहरूले प्याज निर्यात बन्द भएको भन्दै भाउ कसेपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले तरकारी बजारको स्थलगत अनुगमन गर्न उत्रिए । लगत्तै लिएको एक्शनले बजारमा कालोबजारीमा संलग्नलाई पक्राउ गर्न सफल भयो ।

मन्त्रीको तत्कालको अनुगमनले जिल्ला तहसम्म अनुगमनको दायरा बढाइयो । जसका कारण कालोबजारी केहीहद सम्म निरूत्साहित हुन पुगेको छ । जिल्ला जिल्लामा कालोबजारीमा संलग्नलाई पक्राउ गरिएको छ । सिरहा प्रहरीले प्याजको कालोबजारी गर्ने पसल तथा गोदाम संचालक तीन जनालाई नियन्त्रणमा लिएको छ । साथै गोदामबाट ७ हजार ४ सय ४० किलो प्याजमा नियन्त्रणमा लिएको छ । कालोबजारी गरेको पाइएपछि गोदाम र पसल सिल गरिएको थियो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता एवं डिसपी शालिग्राम पौडेलका अनुसार प्याज कालोबजारी भइरहेको सूचना आएपछि स्थानीय प्रशासन, उद्योग वाणिज्य संघ, जनप्रतिनिध सहित टोलीले अनुगमन गरेको थियो ।

कालोबजारी गरिएको पाइएपछि गोलबजार नगरपालिका–४ का जयलक्ष्मी सब्जी भण्डार पसल तथा गोदामका संचालक, मिर्चैया नगरपालिका–५ का ४४ वर्षिय उमेश प्रसाद साह, जय मातादी सब्जी भण्डारका संचालक विनोद कुमार साह र लहान नगरपालिका–३ का गंगा ट्रेडसका संचालक रामनारायण नायकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनीहरूमाथि थप अनुसन्धान भइरहेको डिएसपी पौडेलले बताए ।


*बढी मूल्यमा प्याज बिक्री गर्ने लहान नगरपालिका–३ का गंगा ट्रेडर्समा शिलबन्दी गर्दै ।*

## धनगढीमाईले मनायो पाँचौं स्थापना दिवस
### जग्गादाता र उत्कृष्ट कर्मचारी सम्मानित

**लहान** । भौगोलिक रूपले जिल्लाकै दोस्रो ठूलो स्थानीय तहको रूपमा रहेको धनगढीमाई नगरपालिकाले पाँचौं स्थापना दिवस बिहीबार भव्यतापूर्वक मनाएको छ ।

स्थापना दिवसको अवसरमा विभिन्न दलका नेताहरूले समृद्ध र विकसित नगर बनाउन सेवा प्रवाहसँगै भौतिक पूर्वाधार, स्थानीय स्तरमा रोजगारी सिर्जना, उत्पादन, बजारीकरण, सीमान्तकृत समुदायको सशक्तिकरणमा जोड दिनुपर्ने सुझाव दिए । कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति तथा संविधानसभा सदस्य रामचन्द्र यादव, नेता पंचलाल महतो, नेपाल कम्युनिष्ट पार्टीका तेजबहादुर आले लगायतले नगरको सन्तुलित विकासका लागि सदैव सघाउने प्रतिबद्धता जनाए ।

नगर उपप्रमुख फूलकुमारी श्रेष्ठको अध्यक्षतामा तथा नगर प्रमुख हरिनारायण चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न स्थापना दिवसमा दलीय प्रतिनिधिहरुसहित प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, वडाध्यक्षहरु, नगर कार्यपालिका सदस्य, वडा सदस्य, कर्मचारी तथा पत्रकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा स्वास्थ्य चौकी भवन निर्माणका लागि नि:शुल्क जग्गा उपलब्ध गराएका वडा नम्बर १ का बालेश्वर महतो र वडा नम्बर ४ का शिवध्यान सिंहलाई सम्मान गरिएको थियो ।

त्यस्तै, नगर प्रहरी हवल्दार ऋषि कुमार महतो नगर प्रहरी सहायक निरीक्षकमा, नगर प्रहरी जवानद्वय ईश्वरदेव मण्डल र रामभरोष ठाकुर नगर प्रहरी हवल्दारमा बढुवा गरि नगर प्रमुख चौधरीले दर्ज्यानी चिन्ह प्रदान गरे । आर्थिक वर्ष २०७६/७७ को उत्कृष्ट कर्मचारीको रूपमा छनौट भएका जनस्वास्थ्य अधिकृत बिलट नारायण राय र सूचना प्रविधि अधिकृत मनिष कुमार कर्णलाई सम्मान पत्र प्रदान गरिएको थियो ।







**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**
क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

## सिरहामा सल्लेश मन्दिरको शिलान्यास

**सिरहा** । जिल्लाको धार्मिक धरोहरको रूपमा चिनिएका ऐतिहासिक स्थल सल्लेश गहवरमा सिरहा नगरपालिकाका नगरप्रमुख अषेश्वर प्रसाद यादवले सल्लेश मन्दिरको शिलान्यास गरेका छन् ।

मन्दिरको शिलान्यास गर्दै नगर प्रमुख यादवले सल्लेश मन्दिर सिरहा जिल्लाको मात्र नभएर तराई मधेसको धार्मिक धरोहरको परिचय दिंदै आएको बताए । वर्षौअघि निर्माण भएको मन्दिर जीर्ण भएका कारण नयाँ मन्दिर निर्माण अभियान नगरपालिकाले थालेको जानकारी दिदै नगरप्रमुख यादवले निर्माण अभियानको पहिलो चरण पूरा भएको बताए । सम्पूर्ण बन्दोवस्तीका साथ मन्दिर निर्माण कार्य थालिएको हुँदा आउने केही वर्षभित्रै कार्य सम्पन्न हुने उनले विश्वास दिलाए । सल्लेश मन्दिर निर्माण पूरा भएपछि धार्मिक पर्यटन क्षेत्रमा एउटा नयाँ इटा थपिने नगर प्रमुखको तर्क थियो । वित्तीय समानीकरण र समपुरक अनुदानको १ करोड ९४ लाख २५ हजार ९ सय २३ पैसा ८८ लागत ईस्टिमेट रहेकोमा घटाघट

बाँकी ३ पेजमा

**भित्री पृष्ठमा**
नेपालको चुनौति र गान्धीवाद
पेज २ मा
स्थानीय सरकार : सुशासन र सदाचार
स्तम्भ : पालिका बहस
पेज ४ मा

**फ्रेन्डस मोडल हसपिटल, लहान-३**
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)




हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु
बालरोग विशेषज्ञ — डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# सम्पादकीय

## कालोबजारी रोकौं

सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट र केही अन्य सामाजिक अपराध नियन्त्रण गर्न वाञ्छनीय भएकोले नेपालमा 'कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२' लागू गरिएको छ । तर ऐन बनेपनि जहिल्यैं कार्यान्वयन तहमा पुग्दा सन्देह सुरु हुन्छ ।

बिहानै उठेर पिउने चियादेखि राति सुत्ने समयसम्म प्रयोगमा आउने सबै वस्तु तथा सेवामा उपभोक्ता ठगिएका छन् । फितलो कानुन र अनुगमनको अभावमा आम उपभोक्ता हरेक पटक ठगिन बाध्य छन् । चिनीदेखि भान्सामा प्रयोगमा आउने हरेक मसलन्द, खाद्य सामग्री तथा लत्ताकपडामा समेत उपभोक्ता लुटिएका छन् । सेवाको कुरा त परै जाओस् वस्तुहरूको प्रयोगमा पनि सर्वसाधारणको अधिकार हनन भएको छ ।

बजारमा सामान किन्दा ठगिन बाध्य धेरै उपभोक्तालाई संयुक्त राष्ट्रसंघको महासन्धि, सन्धि, नेपालको संविधान र कानुनहरू समेतले उपभोक्ता हक अधिकार सुनिश्चित गरेको थाहा छैन । त्यसो त देशमा उपभोक्ता अधिकारको सवालमा आवाज उठाउने धेरै संघसंस्थाहरू छन् । बजारमा अस्वभाविक भइरहने मूल्यवृद्धि, कालोबजारी, कार्टेलिङ, सिन्डिकेटको आडमा खुलेआम उपभोक्ताको अधिकार हनन भइरहेको अवस्थाप्रति मुकदर्शक मात्रै बनेका छन् ।

पछिल्लो पटक पुन : उपभोक्ताहरू ठगिएका छन्, लुटिएका छन् । भारतले प्याज निर्यात बन्द गरेपछि सिरहाको लहान लगायत विभिन्न हाट बजारमा व्यापारीले भाउमा मनोमानी गरि रकम असुले । बजारमा प्रतिकिलो ५० रुपैयाँसम्ममा बिक्री भएको प्याज २४ घण्टा नबित्दै उपभोक्ताले १ सय २० रुपैयाँसम्म किन्न बाध्य भए । त्यसो त प्याजको पत्रले पूरै देशलाई नै पीरो बनायो । त्यही भएर प्याजको मूल्यमा चर्को कालाबजारी भएको गुनासो उपभोक्ताले गरेपछि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले कालीमाटी तथा बल्खु तरकारी बजारको स्थलगत अनुगमन गर्न बाध्य भए । मन्त्री स्वयं महंगो मूल्यमा खरिद गर्ने ग्राहक बन्न पुगे ।

जेजस्तो भएपनि मन्त्री भट्टले चासो लिएर तत्काल कालोबजारी रोक्ने प्रयास गरे । यही तत्परतालाई तल्लो निकायले पनि तदारुकताका साथ लागि पर्नु जरुरी छ । र, कालोबजारी, नाफाखोरीलाई कहिल्यैनि शिर ठाडो पार्न नदिने गरि कारबाहि तहमा पुऱ्याउन जरुरी छ ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

# नेपालको चुनौति र गान्धीवाद

**अघिल्लो अंकको बाँकी**

गान्धीको जन्मभूमि र आफ्नो सामाजिक, राजनीतिक तथा आर्थिक सिद्धान्तहरूको परीक्षण गर्ने प्रयोगशालाका रूपमा रहेको उहाँको कर्मभूमिमा समेत गान्धीवादले जीवन्तता पाउन सकेको छैन । आज हामी उहाँको सम्मानमा प्रशंसाका कोरा शब्दहरु मात्र चढाइरहेका छौँ । मैले यहाँ अहिले भनिरहेका धेरै कुराहरु गान्धीवादी मञ्चबाट समेत उच्चारण भएका छन् । तर आफ्नै समर्थकहरूले गान्धीवादलाई त्यसरी झूटो साबित गर्नुपछाडि कुनै मौलिक कारण हुनसक्छ भन्नेतर्फ कसैको गम्भीर ध्यान गएजस्तो लाग्दैन । म यहाँ समाज विज्ञानशास्त्रीहरूका समक्ष गम्भीर परीक्षणका लागि 'इमानदार गान्धीवादीले सत्तावादी राजनीतिलाई त्याग्नुपर्छ भन्नेमा गान्धीवादले अत्यधिक जोड दिएकाले यसले राजनीतिमा पाखण्डी आचरणलाई प्रोत्साहन दिन्छ' भन्ने एउटा तर्क प्रस्तुत गर्न चाहन्छु । आखिर राजनीति भनेको सत्ताको खेल नभए के हो ? मेरो विचारमा राजनीतिक व्यक्तिले सत्ताका लागि प्रतिस्पर्धा वा सङ्घर्ष गर्नु जायज मात्र होइन, उसको अधिकार पनि हो । यस अधिकारविरूद्ध प्रचारबाजी हुँदा नैतिक वातावरण कमजोर मात्र बन्छ र राजनीतिक व्यक्तिले सत्ताको परित्यागको खोक्रो प्रशंसा गर्दै सत्ताका लागि सङ्घर्षमा सारा उपाय अपनाउन थाल्छ । सँगसगै, मेरो अर्को मान्यता के छ भने नेतामा आत्मत्याग र अपरिग्रहका गुण हुनुपर्छ भन्ने सिद्धान्त लादियो भने उनीहरु गलत आचरण गर्न थाल्छन् । वर्तमान हिन्दुस्तानमा देखापरेको अशोभनीय सत्तासङ्घर्ष र उच्चपदमा देखापरेको भ्रष्टाचार पनि सत्ताको लोभ स्वेच्छाले नत्यागेको वा त्यस्तै सिद्धान्त लादिएका कारणबाट उत्पन्न पाखण्डका रूपमा प्रकट भएका हुन् ।

यस समय हिन्दुस्तानमा गान्धीका तीन किसिमका अनुयायीहरु देखा परेका छन् । पहिलो, सत्तामा पुगेका र त्यसलाई कुनै पनि हालतमा त्याग्न तयार नरहेका गान्धीवादीहरु । दोस्रो, कुण्ठित र हतोत्साहित बनेका बुद्धिजीवी गान्धीवादीहरु । र, तेस्रो, सामाजिक-राजनीतिक जीवन प्रवाहको एउटा किनारमा एक्लै कोदालो खनिरहने अनन्त आस्था र विश्वास भएका स्वप्नदर्शी र कल्पनामा रमाउने आदर्शवादी गान्धीवादीहरु । यी तीनै किसिमका गान्धीवादीले मिलेर संसदीय प्रजातन्त्रप्रति जनताको आस्थालाई शिथिल बनाउँदै लगेका छन् । मानौँ, हिन्दुस्तानको दुरावस्थाको सारा दोष संसदीय प्रजातन्त्रमै छ ।

## बिपी कोइराला राजनीतिक अभिलेख

पश्चिमी देशमा अध्ययन र अनुसन्धानको गम्भीर परम्परा रहेको छ । ती पश्चिमी देशहरूमा भने गान्धीवादको पुनः आविष्कार हुन थालेको छ । पश्चिमी समाजमा देखा पर्न थालेका दोष, उद्देश्यहीनता तथा कुण्ठाको निदानका लागि गान्धीवादमा केही उपचार छ कि भनेर गान्धीका सिद्धान्तहरूको त्यहाँ विशेष अध्ययन हुन थालेको छ । हामी निग्रो स्वतन्त्रतावादी र विभिन्न शैक्षिक संस्थाहरूमा विद्रोहको स्पन्दन देखापरेको पाउँछौँ । त्यस्ता विद्रोहको सैद्धान्तिक पक्ष गान्धीवादको पश्चिमी अभिव्यक्ति भएजस्तो लाग्छ । पश्चिमी जगतमा स्थापित व्यवस्थाको सुस्त गतिका विरुद्ध, यथास्थितिवादका विरूद्ध, वर्तमान प्राविधिक युगको आचार-विचार, वस्तु, वस्त्र, यौन, प्रेमलगायत अनेक पक्षका रूढीवादी सोचका विरुद्ध र अल्पसङ्ख्यकको अधिकारका लागि अनेक प्रकारका सङ्घर्ष, विरोध, विद्रोह र प्रदर्शनहरु पनि देखापर्न थालेका छन् । त्यस्ता विद्रोहका लक्ष्य भिन्न र अनेक छन् । विभिन्न प्रकारका भौतिक एवम् भावनात्मक अन्याय, सङ्कीर्णता, विभेद र बन्देज विरुद्ध विद्रोह चलिरहेको परिवेशमा गान्धीवादी विद्रोहको प्रक्रियाको विषयमा गम्भीर अध्ययन हुनथाल्नु स्वाभाविक हो । त्यसो भए त्यहाँ गान्धीवाद प्रासङ्गिक छ त ? यस प्रश्नको उत्तर खोज्नुभन्दा पहिले त्यहाँ कस्तो रोगको निदानका लागि विद्रोह भइरहेको छ ? बुझ्नु आवश्यक छ । त्यस रोगको मुल कारण त्यहाँको अति सम्पन्नता वा जनचाहना र समयको मागअनुसार नचल्ने जनमतप्रति असम्वेदनशील कठोर राजनीतिक व्यवस्था के हो भन्ने सन्दर्भमा निर्क्योल गर्नु आवश्यक हुन्छ । अर्को शब्दमा भन्दा त्यहाँ सामाजिक, राजनीतिक, भौतिक, सांस्कृतिक, नैतिक वा आध्यात्मिकमध्ये कुन समस्याका कारण विद्रोह भइरहेको छ भन्ने बुझ्नुपर्छ । यहाँ मैले यस प्रश्नलाई यसरी उठाउनुको कारण के हो भने अति समृद्धिका कारणबाट समाजमा दोषहरु प्रकट भइसकेकाले निर्धनता वाञ्छनीय छ भन्ने विचार कतिपय चिन्तकहरूले प्रकट गर्न सक्छन् । हाम्रो पार्टी नेपाली कांग्रेसले सारेको अति समृद्धि र समृद्धिको तर्कलाई काट्दै उनीहरु निर्धनता नै सन्तोष र सुख हो भन्ने निष्कर्षमा पुग्न सक्छन् । मानिस केवल खानका लागि मात्र जीवित रहने प्राणी होइन । त्यसैले उसले भोजनबिना नै बाँच्ने प्रयत्न गरोस् भन्ने तर्क पनि तिनीहरूले अघि सार्न सक्छन् । तर यो तर्क हास्यास्पद मात्र हुनेछ ।

पश्चिमी जगत्मा प्रतिनिधिमूलक शासन प्रणाली र विज्ञान-प्रविधिको उपयोग भएको कारणले नै समृद्ध बनेर एकस्तरको भौतिक समृद्धि र प्रजातान्त्रिक स्वतन्त्रताको लक्ष्य हासिल भइसकेको छ । तर, त्यहाँ पनि उन्नाइसौँ शताब्दीका मार्क्सवादी, फेबियन वा उदारवादी वा समाजवादीहरूले आशा गरेजस्तो स्वर्ण-युग भने आएको छैन । पश्चिमका प्रजातान्त्रिक-समाजवादीहरु त झन् विशेष दुविधामा परेजस्तो देखिन्छ । पश्चिमी समाजवादी आन्दोलनले आफ्नो आस्था संसदीय प्रजातन्त्रमाथि समेत प्रकट गरेको छ । पश्चिमी समाजवादीहरूले अधिकार प्राप्ति वा समाजवादी लक्ष्य प्राप्तिका लागि क्रान्ति र हिंसाको बाटोलाई त्यागेका छन् । मैले यहाँ आमजनताको राजनीतिक र आर्थिक अधिकारको उत्कृष्ट लक्ष्य राखेको र त्यसका लागि तमाम युवा वर्गलाई सङ्घर्ष गर्ने प्रेरणा प्रदान गरेकोले पश्चिमको समाजवादी आन्दोलनलाई उदाहरणको रूपमा लिएको छु । कुनै बखत पश्चिमको समाजवादी आन्दोलन पूरा वामपन्थी थियो । यस आन्दोलनले सर्वहारा, बुद्धिजीवी, मतान्तरवादी, स्वप्नद्रष्टा, आदर्शवादी, कृपावादी, कलाकार, साहित्यकार, पुरूष, स्त्री, बूढा र तरुण सबैलाई समाजमा प्राप्त हुनुपर्ने आदर्शका लागि सङ्घर्ष गर्ने प्रेरणा दिएको थियो । पश्चिमको समाजवादी आन्दोलनले ग्रहण गरेको आदर्श इसाई धर्मजस्तो अप्रस्ट, निर्गुण र अलौकिक पनि थिएन । त्यो आदर्श ठोस र भौतिक थियो । त्यस आदर्श लक्ष्यमा महिला र पुरूष दुवैका लागि बालिग मताधिकार, महिलाका लागि समान अधिकार, न्यूनतम तलबको सुनिश्चितता, मजदुर सङ्गठनसम्बन्धी अधिकार, कारखानामा काम गर्नेहरूका लागि मानवीय वातावरण, न्यायोचित दैनिक कार्यावधि, बेरोजगारी भत्ता र सुविधाहरु, वृद्धभत्ता, स्वास्थ्य-बिमा, निःशुल्क शिक्षा, प्रसुति सेवा, उपयुक्त कर-नीति र राष्ट्रको नागरिकप्रति गर्भदेखि चिहानसम्मको जिम्मेवारी आदि समावेश थिए । प्रगतिशील विचारका आदर्शका रूपमा लिइएका यी लक्ष्य-बिन्दुहरु पश्चिमी जगत्मा क्रमशः एकएक गर्दै प्रायः सबै पूरा भइसकेका छन् । समृद्ध पश्चिमी समाजको वर्तमान सङ्कट जीवन-मूल्यको सङ्कट मात्र हो । त्यहाँ अब सामाजिक-आर्थिकस्तरमा भत्काउनै पर्ने कुनै अवरोध बाँकी छैन । त्यहाँ समाजवादले नयाँ पुस्तालाई आफ्नो झन्डामुनि एकताको सूत्रमा बाँधेर एकत्रित गर्न सकेको थियो । त्यस पुस्तालाई वामपन्थी वा आफ्नो दिशा-निर्धारण गर्न सक्ने एउटा नयाँ अगुवा दस्ताको संज्ञा दिइएको थियो । त्यो समाजवाद अब लक्ष्यविहीन भएको छ । आफ्नो विपक्षी विरूद्धका प्रायः सबै लडाइँ यसले जितिसकेको छ । यसका विपक्षीले समेत पनि समाजवादले प्रस्तुत गरेको आदर्श-समाजको तस्बिरलाई स्वीकार गरेको छ र, समग्र समाजमा समाजवादी सिद्धान्त स्वीकार्य बनेको छ । मेरो तात्पर्य के हो भने पश्चिमी जगत्मा समाजको राजनीतिक-आर्थिक परिवर्तनका मूलभूत कार्य प्रायः सम्पन्न भएका छन् । त्यहाँ क्रान्ति सम्पन्न भइसकेको छ । मैले पश्चिमी जगतमा सबै राजनीतिक एवम् आर्थिक लक्ष्यहरु पूर्णरूपले प्राप्त भइसकेका छन् वा भविष्यका लागि कुनै नयाँ लक्ष्य नै बाँकी छैनन् भन्न खोजेको होइन । अघिल्लो पीढीका युवावर्ग र संवेदनशील व्यक्तिलाई प्रेरणा दिएका भौतिक, राजनीतिक र आर्थिक पक्षका मौलिक लक्ष्यहरु प्रायः सबै प्राप्त भइसकेका हुँदा अब ती मागहरु ठोस र प्रस्ट किसिमले अप्रासङ्गिक भइसकेका छन् भन्न मात्र खोजेको हुँ । । त्यसो हुनाले ती लक्ष्यहरूमा भने जोस र उत्साह दिनसक्ने शक्ति अब बाँकी रहेको छैन । विगतमा सञ्चालित वामपन्थी आन्दोलन जतिसुकै फरक किसिमका भए पनि ती सबै आन्दोलनसँग प्रस्ट लक्ष्यबोध थियो । ती आन्दोलनमा मानिसको

———बाँकी ३ पेजमा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

# राम जन्मभूमि अयोध्या बारे एक विचार

## गाउँघर

राजकुमार राउत



तीन महिना पहिले नेपालको प्रधानमन्त्रीबाट एउटा धार्मिक कार्यक्रममा राम जन्मभूमि भारतको उतर प्रदेश नभइ पर्सा जिल्लाको वीरजंग नजिकै ठोरी आसपासको अयोध्या रहेछ भन्ने अभिव्यक्ति आयो । यस चर्चाले सरकार प्रमुख तथा राज्य प्रमुखको अभिव्यक्ति प्रति पूरै राष्ट्रको चासो बढ्यो । देशका तमाम व्यक्ति, धार्मिक नागरिक, संघसंस्था तथा सरोकारवाला समेत यसको सही तथा साँचो स्थानको बारेमा खोज्न तथा सोच्न थाले । नेपालको सञ्चारमध्यमामा पनि ठूलै चर्चाको विषय बन्यो । टेलिभिजन, पत्रपत्रिका, रेडियो इत्यादी सञ्चार माध्यममा यस सम्बन्धमा विचारहरु प्रवाहित हुन थाले । केहीले नेपाल तथा केहीले भारत पनि भन्ने चर्चा गर्न थाले । त्यसको लगत्तै नेपाल सरकारको परराष्ट्र मन्त्रालयबाट विज्ञप्ती जारी भयो । त्यो अभिव्यक्ति प्रधानमन्त्रीको निजी विचार हो भनि प्रमाणित गरियो । विश्वमा नेपाल आजसम्मको मितिमा पनि हिन्दु धर्मको वर्चश्व भएको देशको रूपमा चिनिन्छ । हिन्दु धर्मालम्बीहरु चार वेद, छ शास्त्र, अठार पुराण, रामायण तथा महाभारतलाई अंगाल्दछन् । प्रधानमन्त्रीको अभिव्यक्तिसँगै राम जन्मभूमि नेपाल कि भारत भन्ने चर्चा चल्यो । यस विषयमा विभिन्न विचार र अभिव्यक्तिहरु तरंगित भए । हुनु पनि स्वाभाविक नै हो । नेपालका चर्चित हिन्दु धर्मका स्थानहरु जनकपुरको जानकी मन्दिर, मटिहानीस्थित रामजानकी स्थानसँगै सीता र रामसंग सम्बन्धित धार्मिक सामग्रीहरु मार्फत भगवान राम जन्मभूमिको व्यापक चर्चा र बहस काठमाडौंको धार्मिक अनुयायी र बौद्धिक व्यक्तिहरुमा हुन थाल्यो । नेपालकै अधिकांश साधुसन्तहरुले समेत राम जन्मभूमि भारतको उत्तर प्रदेशको अयोध्यामा छ भन्ने विचारहरु प्रवाहित भए ।

नेपालका हजारौंको संख्यामा साधु सन्तहरु बर्सेनि चारधाम तथा छतिस तीर्थस्थलको लागि भारतको आयोध्या, गया, हरिद्विार, वाराणसी, वैधनाथ धाम, केदारनाथ, सेतबाँध, रामेश्वर, जगन्नाथ पुरी जाने गर्दछन । तिनीहरु धार्मिक स्थल पुग्ने र पूजाआजा गर्ने क्रममा आयोध्यामा गएर राम र सीताको पूजाआजा गर्दछन् । मुस्लीम समुदायले मक्का मदिनामा गई पूजाआजा गरि हज सम्पन्न गरेपछि हरेक पूजाको समाप्ती भएको मान्छन् । त्यसैगरि हिन्दूधर्माबलम्बीहरुले आयोध्यामा राम र सीताको पूजा गरेपछि जीवनको मोक्षको लागि महान अनुष्ठान सम्पन्न गरेको ठान्छन् । साधु सन्तहरुको विचार अनुसार उत्तर प्रदेशको आयोध्यामा हनुमान गढी भन्ने स्थान भगवान रामको जन्मभूमि हो र राम जन्मभूमि अयोध्या सरयूनदीको तटमा अवस्थित छ भन्ने प्रमाण मान्दछन ।

सिरहा जिल्लाको मुख्य सहर लहानको मारवाडी सेवा सदनमा पूजाआजा गर्ने विद्वान गुरु जनार्दन आचार्यको भनाइ अनुसार आफू भारतको अयोध्यामा ३ वर्ष ९ महिना बसोबास गरेको र अयोध्यामा नेपालको सतहतरै जिल्लाबाट धार्मिक विचारका व्यक्तिहरु अयोध्या आउने गरेको र फर्किदा अयोध्याको फोटो किनेर आफ्नो गाउँघर तथा जहाँ जाँदा पनि रामसीताको पूजा गर्ने गरेको पाइएको छ । आफू अयोध्यामा भौतिक रूपमै राम र सीता बसोबास गर्ने गरेको भन्ने आभास भएको गुरूको विचार छ । त्यसै सदनका मुख्य प्रवन्धक राजन दाहालले आफ्नो जन्मभूमि वीरगंज मैं भएकाले सञ्चारमाध्यममा प्रकाशित र प्रसारित प्रधानमन्त्रीको अभिव्यक्तीबाट राम जन्मभूमि नेपालमैं भएको भन्ने दुविद्या बढाएको बताउँछन् ।

भारतस्थित विभिन्न तीर्थयात्रामा बर्सेनि संलग्न भइरहने लहान नगरपालिका–२४ का रामपरीक्षण महतोका अनुसार राम र सीतासँग सम्बन्धीत सावरी आश्रम समेतको दर्शन गरेको र सरयू नदी पनि भारत मैं रहेकाले राम जन्मभूमि भारतमैं रहेको दाबी गर्छन । अर्का सन्त मिश्री दास यादव राम र सीताको दर्शनका लागि वर्षमा एक पटक अनिवार्य रूपमा अयोध्या पुग्ने गरेकाले प्रधानमन्त्रीको भनाइ बेतुकको भएको बताउँछन् । नेपालमा परापूर्वकालदेखि नै चाहे राणाकाल होस वा पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र वा गणतन्त्र बेला नै किन नहोस हरेक वर्ष मटिहानी जनकपुर रामजानकी मन्दीरबाट प्रत्येक वर्ष अयोध्यामा निम्तो पठाउने गरेको र रामनवमी परिक्रमा विवाह पञ्चमीको अवसरमा सैयौं वर्षदेखि अयोध्याबाट धार्मिक समूहहरु अधिकारिक रुपमा नेपालको धार्मिक कार्यक्रममा जनकपुरमा सहभागी हुने गरेको र सीताका लागि अनेकौं उपहारहरु ल्याउने गरेको सर्वविदितै छ । नेपालमा भारत सरकारका प्रतिनीधिहरु वा ठूला नेताहरु समेत आई जानकी मन्दीरमा पूजा गर्ने गरेको र त्यसमा नेपाल सरकारको प्रतिनीधि समेत सामेल हुने गरेको प्रत्येक हिन्दू धर्माबलम्वीहरुलाई ज्ञात भएकैं कुरा हो । राम जन्मभूमि भारत वा नेपाल भन्ने बहस गर्नुको साटो जहाँ सुकै भए पनि यसलाई धर्म सम्बन्धी मुद्धा बनाएर नेपाल र भारतको राजनीतिक, धार्मिक तथा कुटनीतिक सम्बन्धमा चिसोपना आउनु व्यर्थ हुन्छ । जहिल्यै पनि नेपाल भारतको मित्र शक्ति र मित्र राष्ट्रको रुपमा परिचित छ र दुई देश बीचको आन्तरिक तथा बाह्य सम्बन्ध समधुर रहेको सारा विश्वलाई नै थाहा छ ।

भूगोलविद धर्मविद, राजनीति विद तथा दुवै देशका सरकारले बरू विवादित क्षेत्र कालापानी, लिम्पियाधुरा, लिपुलेक तथा दशगजा एवं धार्मिक विवादलाई मित्रचारको रूपमा समाधान गर्नु हितकर हुनेछ । विवाद, कलह, अशान्ति र शीतयुद्धले संसारको कही कसैको भलो गरेको छैन । अस्तु !

## सिरहामा ...



प्रक्रियामा गएर बालाजी निर्माण सेवा सिरहा नपा– १ ले १ करोड २४ लाख २७ हजार ९सय ४५ पैसा ४ मा ठेक्का सकार गरेको सिरहा नगरपालिकाका निमित्त प्रमुखप्रशासकियअधिकृत बलिराम यादवले जानकारी दिए । 'नगरपालिकाले जारी गरेको सार्वजनिक सूचना अनुसार मन्दिर निर्माण गर्न विभिन्न निर्माण व्यावसाय कम्पनीले आवेदन दर्ता (बिड) गरेका थिए,' निमित्त प्रमुख प्रशासकीय अधिकृत यादवले भने, 'तर सबैभन्दा घटी ३६ दशमलव २ प्रतिशत बिलोम ।आवेदन दिएको निर्माण सेवाको आवेदन स्वीकृत भएको हो ।'

सल्हेश मन्दिर निर्माण गर्न पहिलो पटक एक वर्षको समय दिइएको छ । मन्दिर निर्माण कार्य सम्पन्न भएपछि नयाँ मन्दिरमा सल्हेशको नयाँमूर्ति राखिनेछ ।

**कस कसको छ, मूर्ति ?**

मन्दिरका पुजारी सुवधी पासमानका अनुसार हात्तीमा राजा सल्हेश, भान्जा कैरकन्हा, मंगला महैथिया, चार पल्टन, दुई सुगा हिरामैन, दुई वटा बघधर, सल्हेशको दयाँपट्टि भाई मोतिराम, बयाँतिर कान्छो भाई बुधेश्वर घोडामा, केवला किराँती, दयाराम पल्टन, मलिनियाँ २, परी २ लगायतका मूर्तिहरु छन् । उनका अनुसार २०४० बैशाख २३ मा धनुषा जिल्ला तत्कालीन गाविस ठिला निवासी कालिगढ जगदेव रायले सबै मुर्ति बनाएका हुन् ।

## नेपालको...

भौतिक अवस्थामा आमूल सुधार गर्ने सङ्कल्प हराएको थिएन । अहिले वामपन्थी आन्दोलनले अधिकांश राजनीतिक–आर्थिक तत्त्व गुमाइसकेको छ । र, यस समयका विद्यार्थी आन्दोलन र सांस्कृतिक लगायत अरू विद्रोहहरुलाई तिनको विशिष्ट र पृथक् सर्तबाहेक अरू कुनै आधारमा बुझ्न सकिँदैन । पश्चिमका समृद्ध नागरिकहरुलाई भने कुनै नयाँ आदर्शको अभावमा आफ्नो अस्तित्वको निरर्थकता बोध हुन थालेको छ । उनीहरुलाई आ–आफ्नो खोक्रो हृदयमा नीरसताको अनुभव हुन थालेको छ । व्यक्तिलाई मन रमाउने सामाजिक लक्ष्य प्राप्तिको कुनै काम दिन नसकेको त्यो दुनियाँमा पुगिसरी आएको व्यक्तिले उद्देश्यहीनता अनुभव गर्दैछ । युद्धभन्दा पहिले वामपन्थी आन्दोलनमा भाग लिएका व्यक्तिहरु, निग्रो जातिको अधिकारका लागि प्रदर्शनी र जुलुस निकालिरहेका अमेरिकाका शान्तिसेनाका स्वयम्सेवकहरु तथा विभिन्न उद्देश्य लिएर प्रदर्शन गर्ने विद्यार्थी र शिक्षकहरु र पेरिसका विद्रोही विद्यार्थीहरु सबै यसबेला एउटा नयाँ सङ्घर्षमुखी मञ्चको खोजीमा लागेका छन् । तर, यी सबै प्रदर्शन र विरोधहरु कुनै सुसङ्गठित आन्दोलन भने होइनन् । यी विद्रोह र प्रदर्शन फेरि दोहोरिएर उठ्नसक्ने अस्थायी, क्षणिक वा अन्तरिम कदम मात्र होइनन् भने तिनलाई अल्बेयर कामुको[1] *(अलबर कामु (१९२०–१९६०) फ्रान्सका प्रसिद्ध विचारक थिए । उनले सन् १९५८ मा साहित्यका लागि नोबेल पुरस्कारसमेत प्राप्त गरेका थिए । बीपी कोइराला आफू कामुबाट प्रभावित रहेको कुरा उल्लेख गरिरहनुहुन्थ्यो ।)*

विद्रोहको अर्थमा लिनुपर्छ । समाजवाद समृद्धि र प्रजातन्त्रको लक्ष्यमा पुगिसकेकाले सायद अब सामाजिक परिवर्तनको आवश्यकता नै छैन र सङ्गठित क्रान्ति चाहिँदैन । अब सायद समाजका कुनै अङ्गमा देखापरेका अन्यायका विरुद्ध आवश्यकतानुसार तत्कालीन विद्रोह वा विरोध गर्ने जमाना आएको छ । यस्ता योद्धाका निम्ति गान्धीजस्ता अहिंसाको पक्षमा क्रियाशील व्यक्तिहरु यसबेला सायद दुनियाँको नवयुग–द्रष्टा वा नयाँ वामपन्थका मसिहा भएका छन् । पश्चिमी देशहरुको आर्थिक समृद्धि र उदारवादी प्रजातन्त्रले प्रवेश गराएको विद्रोहको युगका लागि गान्धी सायद विशेष प्रासङ्गिक बनेका छन् । हामी वर्तमान युगमा एकातिर अविकसित समाजमा परम्परागत क्रान्तिको वातावरण र अर्कोतिर विकसित मुलुकमा भने विद्रोहको लहर देख्छौं । परम्परागत क्रान्ति आर्थिक र राजनीतिक प्रेरणाबाट परिचालित हुन्छ । आर्थिक दृष्टिबाट पिछडिएको समाजमा आर्थिक शक्तिहरुलाई बन्धन–मुक्त भएर बढ्ने मौका दिनका लागि वर्तमान समाजलाई ध्वस्त पार्नका लागि नै क्रान्तिको आह्वान हुन्छ । शाब्दिक सजिलोका लागि आधुनिक विद्रोहलाई उच्चस्तरीय क्रान्ति भने पनि हुन्छ । त्यस्तो आधुनिक विद्रोहले भने विकसित स्वतन्त्र समाजसँग विशेष सम्बन्ध राख्दछ । तर, त्यस्तो विद्रोह आर्थिक र राजनीतिक क्षेत्रभन्दा पृथक हुन्छ । उच्चस्तरीय क्रान्ति सांस्कृतिक पक्षमा केन्द्रित हुन्छ । त्यस्तो क्रान्तिमा अराजकतावादी भावनाको पनि केही अंश विद्यमान रहन्छ । यसले प्रजातान्त्रिक अर्थमा नभइ सांस्कृतिक दर्शन अर्थमा व्यक्तिगत स्वतन्त्रताको माग गर्दछ । यसमा सबै प्रकारका सङ्गठित संघ–संस्थाप्रति अविश्वास र विरोधको भावना रहन्छ । त्यसो हुनाले उच्चस्तरीय क्रान्तिले स्वतन्त्रतामा मात्र विश्वास राख्छ । यसको दर्शन र सिद्धान्तअनुसार सङ्गठित समूहको अर्थ त्यसका सदस्यहरुको स्वतन्त्रताको नियन्त्रण गर्नु हुने हुँदा सङ्गठित दल वा संस्थाप्रति यसको आस्था हुँदैन । सायद यी सब कारणले होला, त्यस्तो उच्चस्तरीय क्रान्तिको नेतृत्व उच्च तहका शिक्षण संस्था, विद्वत् मण्डली, लेखक वर्ग, कलाकार, चिन्तक–विचारक र विद्यार्थी वर्गमा व्याप्त भएको छ ।

यस सन्दर्भमा प्रश्न उठ्छ, त्यसो भए पूर्णरूपले आर्थिक शक्ति विकसित भइसकेको आर्थिक विकासको उच्चतम् स्थिति वा अराजकतावादी मानव समृद्धिको सामाजिक अवस्थाका सम्बन्धमा वर्तमानकालमा मार्क्सवादी सिद्धान्तले कुनै भविष्यवाणी गर्दैन ? गान्धी प्रासङ्गिक छन् भने कसरी स्वर्णयुगका त्यस्ता अरू स्वप्नदर्शीहरु पनि प्रासङ्गिक छैनन् भन्न सकिन्छ ? *क्रमश :*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**सिरहा नगरपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरू :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय सरकार : सुशासन र सदाचार

**पालिका बहस**

**भागवत खनाल**



**विषय प्रवेश**

नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था भएबमोजिम तीनै तहमा सरकारहरु गठन भई क्रियाशील छन् । नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम गर्छन् । संघीय शासन प्रणालीमा संविधानमै प्रष्टरूपमा संघीय इकाइबीच अधिकारको बाँडफाँड गरिएको हुन्छ । नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म राज्यशक्तिको बाँडफाँडबारे उल्लेख गरिएको छ । अनुसूची ८ मा स्थानीय तहको अधिकार (एकल) र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची दिइएको छ ।

अनुसूची ८ मा उल्लेख भएका विषयमा कानुन बनाउने अधिकार स्थानीय तहलाई मात्र प्राप्त छ भने अनुसूची ९ मा उल्लेख भएका विषयमा स्थानीय तहले कानुन बनाउँदा संघ र प्रदेशले बनाएको कानुनसँग नबाझिने गरि बनाउनुपर्छ । संघीय पद्धतिको मूल उद्देश्य स्थानीय तहबाट सम्पादन हुनसक्ने सबै अधिकार स्थानीय तह अर्थात् जनताको निकटमा पुर्याउने रहेको हुँदा अनुसूची ९ मा उल्लेख भएका कार्यहरु पनि संघले कानुन बनाई निक्षेपणको माध्यमबाट स्थानीय तहमा पुर्याउनु मनासिव हुन्छ ।

**सुशासन**

असल, शुभकारी, मंगलकारी, उत्तरदायी, इमान्दार, पारदर्शी र जिम्मेवार शासन नै सुशासन हो । स्थानीय सुशासन भन्नाले स्थानीय सरकारको नीति निर्माण, कानुन तर्जुमा, राजस्व संकलन, खर्चको विनियोजन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, सेवा प्रवाह आदिजस्ता विषयमा स्थानीय नागरिक समाज, राजनीतिक दल, गैर सरकारी संस्था, सामाजिक संस्था, बुद्धिजीवी, अनुभवी वरिष्ठ नागरिक, महिला र अन्य पछाडि परेका वा पारिएका वर्गको संलग्नता रहेको शासकीय प्रणाली बुझिन्छ । समग्रमा समस्त जन समुदायको संलग्नता, सरोकार, सहमति र स्वामित्वमा संचालन गरिने स्थानीय शासकीय पद्धति नै स्थानीय सुशासन हो । सुशासनमा सामाजिक न्याय, सार्वजनिक स्रोतको दिगो उपयोग र व्यवस्थापन गरिन्छ । यसमा भावी सन्ततिको लागि प्राकृतिक सम्पदाको जगेर्ना र वातावरण संरक्षणलाई महत्व दिइन्छ, विकासमा क्षेत्रीय सन्तुलन कायम गरिन्छ । सुशासनमा प्रशासन भ्रष्टाचारमुक्त र सदाचारयुक्त हुन्छ भने उच्च नैतिक चरित्र र अनुशासन पालना गरिएको हुन्छ । सुशासित समाजमा स्थानीय समुदायको प्रत्येक नागरिकले आफू त्यस समुदायको सम्मानित र निर्णायक सदस्य रहेको महसुस गरेको हुन्छ । वास्तवमा सरकारको समग्र क्रियाकलापमा विश्वस्त एवं भरोसापूर्ण सहभागिता र स्वामित्व प्राप्त समाज नै सुशासनयुक्त समाज हो ।

**सदाचार**

सदाचारको मापन देश, काल, परिस्थिति, समाज, धर्म, र सांस्कृतिक मूल्य मान्यतामा निर्भर हुन्छ । समाज व्यक्तिमा हुँदैन, व्यक्ति समाजमा हुन्छ । त्यसैले व्यक्तिले समाजले निर्धारण गरेका मर्यादाको पालन गर्नुपर्छ । सामाजिक र सांस्कृतिक मान्यतालाई संहितावद्ध गरेर कानुन बनाइएको हुन्छ । यिनै सामाजिक मर्यादा र प्रचलित कानुनको अनुकूल चरित्र नै सदाचार हो । सार्वजनिक सेवालाई व्यक्तिगत लाभभन्दा माथि राख्नु सदाचार हो, जुन चिज आफ्नो स्वामित्व वा अधिकारभन्दा बाहिर छ, त्यसको लोभ नगर्नु र आफूलाई तोकिएको काम इमान्दारी र निष्ठासाथ गर्नु सदाचार हो । अहिंसा, अस्तेय, व्यभिचार नगर्नु, झुठो नबोल्नु र लागू पदार्थबाट टाढा रहनु जस्ता बुद्धका पंचशील पनि सदाचार हुन् । सत्य कर्म, सत्य वचन, सादगी, असल रहनसहन, स्वस्थ खानपान, सहनशीलता , शालीनता, धैर्य, क्षमा, लोभको अभाव र विनय नै सदाचारका गुण हुन् । सदाचारीहरु आत्मसम्मानी हुन्छन्, स्वाभिमानी हुन्छन् र अरूलाई सम्मान गर्छन् । उनीहरूको आत्मबल उँचो हुन्छ, निडर हुन्छन् र अभिव्यक्तिमा ओज र अधिकारपूर्णता हुन्छ । तर, अभिमानी र अहंकारी हुँदैनन् । उनीहरु मिथ्या भाषण, निन्दा, कपट, विश्वासघात र दुराशयबाट टाढै रहन्छन् । सदाचारीहरु आफ्नो सोचलाई आत्मनिष्ठ नभई वस्तुनिष्ठ बनाउँछन् । समाजका अगुवाहरुको चरित्रलाई सर्वसाधारण मानिसहरूले आदर्श मानी त्यसैको अनुकरण गर्ने हुन्दा त्यस्ता व्यक्तिहरु झन् चरित्रवान र सदाचारी हुनु आवश्यक छ । वास्तवमा समाजको प्रत्येक व्यक्तिको चरित्र मिलेरै राष्ट्रिय चरित्र बन्छ ।

व्यक्तिगत लाभलाई सार्वजनिक सेवासँग जोड्नु नै सदाचारको अन्त हो । सदाचारहीन व्यक्ति व्यक्तिगत लाभ उन्मुख, स्वार्थी, क्रोधी, अभिमानी, लोभी, अधैर्य, रूखो, पाखण्डी र आडम्बरी हुन्छ । सदाचारहीन शरीरभित्रको आत्मा सुखी हुन गाह्रो छ । सदाचारको उल्लंघन हुन आफै प्रत्यक्ष त्यसमा लाग्नु पर्दैन । खराव व्यक्तिको मतियार हुनु पनि त्यत्तिकै अनैतिक हो । अनैतिक कार्यको मतियार हुने व्यक्ति राजा धृतराष्ट्र जस्तै रोएर र अनिँदो बसेर जीवन बिताउँछ ।

असल चरित्र र सदाचारको बारेमा अमेरिकी लेखक ज्याक्सन ब्राउन जुनियर भन्छन्–कसैले पनि नदेखेको अर्थात् एक्लै भएको समयमा हामी जे गर्छौं त्यही नै हाम्रो चरित्र हो । यसैगरी अर्का अमेरिकी दार्शनिक थोमस पेन भन्छन्– हाम्रो प्रतिष्ठा त्यो हो जो मानिसहरु हाम्रो बारेमा सोच्छन्, हाम्रो चरित्र त्यो हो, जो ईश्वरले हाम्रो बारेमा जानकारी राख्छ । महात्मा गान्धी भन्छन्–सदाचार र निर्मल जीवन सच्चा शिक्षाको आधारशिला हो । ट्रान्सपरेन्सी इन्टरनेसनल भन्छन्– आफ्नो व्यक्तिगत लाभको लागि आफूलाई प्राप्त अधिकारको दुरूपयोग गर्नु नै भ्रष्टाचार हो ।

**स्थानीय सुशासन र सदाचार**

जहाँ शक्ति र स्रोतसाधन हुन्छ, त्यहाँ निश्चितरूपमा अनियमितताको गुन्जायस रहन्छ । स्रोतसाधन र पैसा आफ्नो अधिकार क्षेत्रभित्र फेला पारेपछि त्यो साधन वा पैसालाई आफ्नो व्यक्तिगत स्वामित्वमा रूपान्तरण गर्ने प्रवृत्ति हाबी हुन सक्छ । संघीय प्रणालीले राज्यशक्तिको अधिकार र स्रोतसाधन जनताको नजिक पुऱ्याएको छ । ती स्रोत साधनसँगै व्यक्तिगत लाभका आकांक्षा पनि पुग्नु स्वाभाविक छ । स्थानीय स्तरका नेता र कर्मचारी मिले भने अनियमितता हुने सम्भावना ज्यादा हुन्छ भने जनताको नजिकै हुनेहुँदा अनियमित तरिकाले कमाउनेभन्दा स्थानीय जनताको बृहत्तर हितमा काम गरेर आत्मसन्तुष्टि लिने प्रवृत्ति पनि बन्न सक्छ, दुवै सम्भावना बलिया छन् । यदि पारदर्शी र सहभागितामूलक क्रियाकलाप हुने हो भने स्रोतको दुरूपयोग र व्यक्तिगत लाभमा प्रयोग गर्ने सम्भावना कम हुन्छ । मुख्य कुरा स्थानीय सरकारका राजनीतिक खेलाडीहरूको नियत हो । भ्रष्टाचार सरकारी रकम खाएर मात्र हुने हैन । समयमै योजना सम्पन्न गराउन नसक्नु, राजनीतिक आस्थाको आधारमा सार्वजनिक स्रोतलाई सही ठाउँमा उपयोग नगर्नु, पक्षपात गर्नु, पछाडि परेका र पारिएका समुदायलाई सार्वजनिक गतिविधिमा संलग्न नगराउनु, नातावाद र खर्चमा अपारदर्शिता पनि कुशासनका लक्षण हुन् । व्यक्तिगत लाभभन्दा माथि उठेर लोभरहित र सदाचारी जीवन बिताउन सजिलो छैन । स्रोत साधनमा पहुँच र अधिकार भएका व्यक्ति अक्सर आफ्नै क्षणिक लोभ वा अरू कसैको उक्साहटमा सानो गल्ती गरेकै भरमा झमेलामा परेको पाइन्छ । संयम र धैर्य राखेर कामको सिलसिलामा आउन सक्ने लोभ लालचका क्षणलाई एक दुई पल्ट पार गर्न सक्ने हो भने आफ्नो आत्मबल बढ्छ । त्यसपछि कसैले 'अफर' गर्ने हिम्मत गर्दैन । यसरी सुरूमै हुनसक्ने सम्भावित दुर्घटना टरेपछि सदाचारयुक्त जीवनप्रति गौरव लाग्न थाल्छ, आत्मसम्मान र आत्मगौरवको विकास हुन्छ ।

स्थानीय जनप्रतिनिधि स्वच्छ चरित्रका भएमा कर्मचारीलाई अनियमितता गर्न सजिलो हुँदैन । खासगरेर पालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष अनियमित कार्यबाट टाढा रहने हो भने स्थानीय स्तरमा भ्रष्टाचार हुन गाह्रो हुन्छ । स्थानीय जनप्रतिनिधिमा राजनीति कमाउने पेशा होइन, यो समाज सेवा हो, सेवाकै माध्यमबाट सन्तुष्ट हुने र प्रतिष्ठा आर्जन गर्ने हो भन्ने महसुस हुनु आवश्यक छ । सम्बन्धित राजनीतिक दलले पनि चुनावमा उम्मेदवार बनाउने समयमै विचार गर्ने र आफ्नो पार्टीबाट चुनिएका प्रतिनिधिको गतिविधिमा निगरानी राख्नु जरूरी छ । राजनीति बदनाम हुने अरू कसैको कारणले होइन, स्वयम् राजनीतिका खेलाडीको कारण हो । राजनीतिक नेता हुनु भनेको आफ्नो विचारलाई सार्वजनिक नीतिमा रूपान्तरण गर्न पाउने अवसर हो । यस्ता व्यक्ति नै व्यक्तिगत लाभमा तल्लीन हुने हो भने समाज कस्तो होला, नैतिक मूल्य र सदाचार कता पुग्ला ? सुशासनको अवस्था कस्तो होला ?

स्थानीय स्तरमा सम्भावित अनियमित र अनैतिक कार्य हुन नदिन स्थानीय पालिकाको नेतृत्वले कानुनको पालना, पारदर्शिता, स्थानीय आचारसंहिता निर्माण र कार्यान्वयन गर्नुपर्छ । पक्षपातरहित सेवा, खर्च विवरण प्रकाशन, नागरिक सुनुवाइ, गुनासो व्यवस्थापन, सम्पत्ति विवरणको प्रकाशन, सदाचार भेला र सार्वजनिक प्रतिज्ञा पनि सुशासन र सदाचार विकासमा सहायक हुनेछन् । सकारात्मक सोचबारे प्रशिक्षण, सम्पूर्ण सूचनासम्म नागरिकको पहुँच, सही र वास्तविक तथ्यांक संकलन र अभिलेख व्यवस्थापन, गुणस्तरीय सेवा प्रवाह, समय पालन, मितव्ययिता, सक्षम र इमान्दार अनुगमन र सुपरीवेक्षणको माध्यमबाट सदाचार सुनिश्चित गर्न सकिन्छ । स्वतन्त्र स्थानीय मिडिया, पछाडि परेका र पारिएका जनसमुदायको सार्वजनिक गतिविधिमा संलग्नता आदि जस्ता माध्यमबाट सदाचार र सुशासन सवल हुन्छ । यसबाहेक प्रभावकारी नियमन, सक्षम लेखापरीक्षण र आवश्यक परेमा भ्रष्टाचार नियन्त्रण गर्न स्थापित निकायबाट निश्पक्ष, तर निर्मम कारवाहीको पनि आवश्यकता पर्न सक्छ । ***प्रशासन अनलाइनबाट***


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाइरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं र भौतिक दुरी कायम राखौं । ङ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । च) रोग संक्रमण लागेको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ज) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)